स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सु.द.नं. ८४५-०७४।७५

वर्ष -१३ , अंक-८ २०८२ भदौ २३ , सोमवार sep - 8 , 2025 मुल्य रु.- १० । janatapatra.com

## एक महिनादेखि तातोपानी नाका ठप्प

जनतापत्र, तातोपानी

सिन्धुपाल्चोकको कोदारी सडक खण्ड अन्तर्गतको इकु क्षेत्रमा गएको पहिरो अझै समाधान नभएकाले तातोपानी नाका एक महिना नजिकिँदै पनि ठप्प रहेको छ।

गत साउन १८ गते आएको लेदोयुक्त पहिरोले कोदारी राजमार्ग अवरुद्ध भएको थियो। सडक विभाग, प्रहरी र स्थानीय व्यवसायीहरूले पटक-पटक सडक खोल्न प्रयास गरे पनि हालसम्म प्रभावकारी रूपमा पहिरो पन्छाउन सकेका छैनन्।

तीन सातासम्म पूर्ण बन्द रहेको कोदारी सडक खण्डको पहिरोस्थल केही दिनका लागि मात्रै खुलेको थियो। त्यसपछि पुनः पहिरो आएपछि पुनः बन्द भयो र हालसम्म पनि सडक सञ्चालनमा आएको छैन।

यसले गर्दा तातोपानी नाकाबाट आयात-निर्यात हुने व्यापार लगभग ठप्प परेका छन्।

तातोपानी क्षेत्रमा रोकिएका करिब १७०० भन्दा बढी कन्टेनरले व्यापारमा ठूलो समस्या सिर्जना गरिरहेको छ। यी कन्टेनरमा विशेषगरी



चीनबाट आयात हुने विद्युतीय सवारीसाधन, इलेक्ट्रोनिक सामान, लत्ताकपडा लगायतका वस्तु छन्, जुन दशैं-तिहारको चाडपर्वका लागि अत्यन्त आवश्यक मानिन्छन्।

तातोपानी भन्सार कार्यालयका प्रमुख राजेन्द्रप्रसाद चुडालले भन्नुभयो, “सडक खोल्ने प्रयासहरू भइरहे पनि पहिरोको अवस्था निकै जटिल छ, दशैंअघि सडक खुल्ने अवस्था छैन।” हिमालय सिमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीले पनि समस्या गम्भीर रहेको बताए। उहाँले भने, “तातोपानी नाकाको जम्मा ३० मिटर क्षेत्रमै भएको पहिरो छिटो हटाउनुपर्छ, दशैं-तिहारका लागि समय धेरै महत्वपूर्ण छ।”

सडक खुला भएका दिनहरूमा केही फलफुल जस्तै स्याउ, नास्पाती, अंगुर, साथै लसुन र प्याज जस्ता मसलाजन्य वस्तु पनि भन्सारमार्फत तातोपानी प्रवेश पाएका थिए। तर अहिलेको बन्दले गर्दा यी वस्तुहरू समेत आपूर्ति हुन नसकेको अवस्था छ।

स्थानीय मजदूरहरूलाई प्रयोग गरेर पनि पहिरोको सामग्री हल्का भाग पठाउन प्रयास भएता पनि त्यो स्थायी समाधान हुन सकेको छैन।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतले जानकारी दिनुभयो, “चीनको ल्हासा, सिँगात्से, न्यालामबाट आउने मालबस्तु बोकेका कन्टेनरहरू रोकिएका कारण व्यवसायीहरू थप आर्थिक भारमा परेका छन्। यस्ता समस्या व्यवसायीलाई ऋणको दबाब बढाउँछन्।”

तातोपानी नाका ठप्प हुँदा केवल व्यापारमा अवरोध आएको छ, वरन् व्यवसायीहरूले आर्थिक रुपमा ठूलो नोक्सानी व्हेर्नु परेको छ। तातोपानी नाकाको अवरोधले स्थानीय अर्थतन्त्र र व्यापार क्षेत्र दुवैमा नकारात्मक प्रभाव परेको छ। पहिरो हटाउन र नाका खोल्न सम्बन्धित निकायहरूलाई छिटो र प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता औँल्याइएको छ।

## मेलम्ची र बाह्रबिसेमा ईआइओ स्थापना गर्न माग



जनतापत्र, मेलम्ची

सिन्धुपाल्चोक जिल्लामा प्रशासनिक सेवा सहज बनाउने उद्देश्यले मेलम्ची र बाह्रबिसेमा इलाका प्रशासन कार्यालय (ईआइओ) स्थापना गर्न माग गरिएको छ।

जिल्लाका स्थानीय तहका प्रतिनिधिहरू, राजनीतिक दलका नेताहरू तथा विभिन्न जनप्रतिनिधिहरूले गृहमन्त्री रमेश लेखकलाई ज्ञापनपत्र बुझाउँदै तत्काल सेवा विस्तारको पहल गर्न आग्रह गरेका छन्।

भौगोलिक रूपमा बागमती प्रदेशको सबैभन्दा ठूलो जिल्ला मानिने सिन्धुपाल्चोकमा सेवा लिन नागरिकहरूलाई लामो दूरी हिँड्नुपर्ने बाध्यता छ। यातायातको पहुँच सीमित भएकाले नागरिकले सामान्य प्रशासनिक सेवा लिन पनि दिनौं यात्रा गर्नुपर्ने अवस्था रहेको छ। यसैले जिल्ला प्रशासन, मालपोत, नापी

पेज नं ४

## चौताराका होटल र खाजाघरमा अनुगमन : धेरैमा बिना लाइसेन्स मदिरा बिक्री, उपभोक्ता सुरक्षामा लापरवाही



जनतापत्र, चौतारा

चाडपर्व नजिकिँदै गर्दा सिन्धुपाल्चोकको चौतारामा बजार अनुगमन तीव्र पारिएको छ। मंगलबार गरिएको अनुगमनमा चौताराका १९ वटा होटल तथा खाजाघरहरू मध्ये अधिकांशमा बिना लाइसेन्स मदिरा बिक्री भइरहेको तथ्य खुलेको छ।

जिल्ला प्रशासन कार्यालय, चौतारा साँगाचोकगढी नगरपालिका र उद्योग तथा वाणिज्य कार्यालय सिन्धुपाल्चोकको संयुक्त अनुगमन टोलीले अनियमितता भेटिएको पुष्टि गरेको छ।

अनुगमनका क्रममा व्यवसायीहरूले मादक पदार्थ बिक्री गर्नुपर्ने अनिवार्य लाइसेन्स नलिएको, मूल्यसूची नराखेको, किचेन सफा नगरेको, र व्यवसाय दर्ता नगरेर सञ्चालन गरेको पाइएको छ।

उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख त्रिपुरारी बखेलले जानकारी दिनुभयो।

पेज नं ४

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

## सम्पादकीय

# सुधारको पर्खाइमा हाम्रो यातायात व्यवस्था

नेपालमा दैनिक जीवनको एउटा अपरिहार्य हिस्सा बनेको छ – असहज र अस्तव्यस्त यातायात व्यवस्था। विशेषगरी काठमाडौँ उपत्यका, पोखरा, विराटनगर, वा अन्य सहरहरूमा सवारीसाधनको चाप, अव्यवस्थित सडक, ट्राफिक नियमको पालन नगर्ने प्रवृत्ति, र सार्वजनिक यातायातको अनिश्चिततालाई हेर्दा, हामी अझै पनि सन्तुलित र सुरक्षित यातायात व्यवस्थाको पर्खाइमै छौँ।

सहरमा बिहान र बेलुकीको व्यस्त समयमा हुने ट्राफिक जाम अब 'सामान्य' जस्तो भइसक्यो। विद्यालय, अफिस, अस्पताल जाने मानिसहरू लामो समय सवारी साधनमा फसेर बस्न बाध्य छन्। यो समयको मात्र बर्बादी होइन, मानसिक तनाव, इन्धनको खर्च, र आर्थिक उत्पादनशीलतामा समेत असर पार्ने समस्या हो।

यातायात समस्या केवल सवारीको संख्याले बढेर मात्र हो भने होइन। सडकको क्षमता अनुसारको योजना नहुनु, सवारी साधनको अनियन्त्रित वृद्धिले सडक प्रणालीलाई दबाबमा पारेको छ। अर्को महत्त्वपूर्ण पक्ष हो – सार्वजनिक यातायात प्रणालीको सुधारमा ध्यान नदिनु। बसहरू असमयमा चल्ने, अनिश्चित रुट हुने, यात्रुहरूलाई पशुवत व्यवहार गर्ने संस्कारले गर्दा निजी सवारतिर्फको आकर्षण बढेको छ, जसले झनै जाम बढाउँछ। यसका साथै, सडक प्रयोगकर्ताबीचको सहकार्यको अभाव पनि एउटा मुख्य चुनौती हो। पैदल यात्री, साइकल यात्री, मोटरसाइकल, गाडी – सबैलाई एकै ठाउँमा सुरक्षित र सम्मानजनक स्थान नदिँदासम्म दुर्घटनाको जोखिम रहन्छ।

सबैभन्दा महत्वपूर्ण कुरा भनेको नागरिक र सरकारबीचको सहकार्य हो। हामी सबैले ट्राफिक नियम पालना गर्ने, सहनशील बन्ने, र सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने संस्कृति विकास गर्नुपर्छ।

## विचारपत्र

# सफलताको कसीमा ओलीको चीन भ्रमण

बोर्णबहादुर कार्की

प्रधानमन्त्री केपी शर्मा ओलीको महत्वपूर्ण चीन भ्रमण सम्पन्न भएको छ। यो भ्रमण देशका लागि कति उपलब्धिमूलक भयो भन्ने कुरा अहिले राजनीतिक र कूटनीतिक वृत्तमा मात्र होइन आमजनताबीच पनि चर्चा र टीकाटिप्पणी भइरहेको छ। आफ्नो नक्साभित्रको भूभाग फिर्ताका लागि नेपालले अहिलेसम्म भारतसमक्ष मात्रै कुरा राख्दै आएको थियो। तर यसपटक भने नेपालले चीनसँगसमेत सहयोगका लागि आग्रह गरेको छ।

चीन भ्रमणमा गएका प्रधानमन्त्री केपी शर्मा ओलीले अघिल्लो शनिबार राष्ट्रपति सी जिनपिङले नेतृत्व गरेको चिनियाँ प्रतिनिधिमण्डलसँगको वार्ताका क्रममा भने, 'सन् १८१६ को सुगौली सन्धिबमोजिम महाकालीपूर्वका सबै भूभाग सार्वभौम मुलुक नेपालको भएको स्पष्ट छ।

यस मामलामा चीनले नेपाललाई सहयोग गर्नेछ भन्ने विश्वास नेपालले लिएको छ।' नेपालको आग्रहउपर चिनियाँ राष्ट्रपति सीले महाकालीपूर्वको भूभाग आफ्नो हो भन्ने नेपालको अडानप्रति चीनको फरक मत नरहेको उल्लेख गर्दै यस विषयमा नेपाल र भारतबीच छलफलबाट निष्कर्ष निस्कियोस् भन्ने आफ्नो चाहना रहेको बताएका छन्। भारतसँगको छलफलबाट निष्कर्ष ननिस्किए सहयोग गर्न चीन तयार छ भन्ने संकेत हो यो।

हुन त भारत र चीनबीच लिपुलेक भन्जाङबाट व्यापार गर्ने विषयमा भएका सहमतिपछि नेपालले धेरैपटक चीनसँग कुरा राख्दै आएको छ। तर चिनियाँ राष्ट्रपतिसँग नेपालका प्रधानमन्त्रीले यस विषयमा 'फेस टु फेस' कुरा राखेको पहिलोपटक हो। प्रधानमन्त्री ओलीको यस पटकको भ्रमणको सबल पक्ष भनेको कालापानी-लिम्पियाधुरा क्षेत्र फिर्ताको पहल नै हो। तर यो भ्रमणको महत्व यतिमा मात्रै सीमित छैन। सबैभन्दा महत्वपूर्ण कडी एससिओ सम्मेलनमा नेपालको सहभागिता तथा चीनको सैन्य अभ्यास निरीक्षणका लागि नेपालका प्रधानमन्त्रीलाई प्रदान गरिएको हैसियत सहितको निम्तो हो।

चीनले आयोजना गरेको एससिओ सम्मेलन विश्व राजनीतिको महत्वपूर्ण स्थान राख्ने आयोजना हो। यसमा सहभागी हुन नेपालले निम्तो पाउनु प्रधानमन्त्री ओलीका लागि मात्रै होइन देशकै लागि उपलब्धि हो। प्रधानमन्त्री ओली सहभागी एससिओ संगठन संयुक्त राष्ट्र संघपछिको सबैभन्दा बलियो संगठनका रूपमा उदाएको छ। गठन भएको २५ वर्षको अवधिमा यो संगठनले विस्तार गरेको हैसियत हेर्ने हो भने अमेरिकी चाहनाको एकध्रुवीय विश्वलाई यो संगठनले निस्तेज गर्ने सम्भावना सन्निकट आइसकेको छ। किनकि यो संगठनमा आवद्ध देशहरूसँग विश्वको आधाभन्दा बढी भूभाग छ र झण्डै आधा जनआवादी छ।

यी आवद्ध देशहरूको कुल अर्थतन्त्र अहिले नै करिब करिब अमेरिकाको भन्दा माथि नै छ। यी सबै उदीयमान अर्थतन्त्र भएका देश हुन्। त्यसो त एसिया महादेशको हकमा एससिओ सबैभन्दा बलियो संगठन हो। तर नेपालले विगत २० वर्षदेखि पटकपटक प्रयास गर्दा पनि पूर्ण सदस्यता पाउन सकेको छैन। नेपालको तर्फबाट गृहकार्य नपुग्नुको परिणाम हो। एससिओको पूर्ण सदस्यता प्राप्तिका लागि नेपालको तर्फबाट सघन प्रयास जरुरी छ। तर यो प्रयासलाई ओलीले प्रभावकारी रूपमा अघि बढाउन सकेको देखिएन। यसपटक पनि गृहकार्य पुगेको देखिएन।

ओलीले यो सम्मेलनमा सहभागी भएर नेपाललाई अन्तर्राष्ट्रिय मन्चमा चिनाउने महत्वपूर्ण भूमिका निभाएका छन्। यस दृष्टिकोणमा प्रधानमन्त्री ओलीको भ्रमण उपलब्धिमूलक रहेको मान्नुपर्छ। यो सम्मेलनमा रुसदेखि विश्वका ठुला साना साम्राज्यवादविरोधी देशहरूको सहभागिता रहेको थियो। यस्तो महत्वपूर्ण मन्चले विश्वसामु आफूलाई साम्राज्यवाद विरोधी देश रहेको चिनाउन पर्थ्यो। तर ओली यो मामिलामा भने चुकेको देखियो।

भारत भ्रमणको निम्तो पाउन लम्पसार बनेका ओलीले भारतले मिचेको नेपाली भूमि लिम्पियाधुरा-कालापानीको विषयमा यसपटक कुरा उठाउँदैनन् कि भन्ने चिन्ता गरिएको थियो। तर उनले चिनियाँ राष्ट्रपति सी जिनपिङसमक्ष यो कुरा उठाएर आफूलाई राष्ट्रहितका लागि जोखिम मोल्ने राष्ट्रवादी नेताका रूपमा खडा गरेका छन्। चिनिया राष्ट्रपति सीसँगको भेटमा ओलीले बोल्ने क्रममा केही त्रुटी गरेको विषयमा भने आलोचना पनि भएको छ।

भारत र नेपालको पश्चिमी सिमाना लिम्पियाधुराबाट उत्पत्ति भएको महाकाली नदीले छुट्याएको छ। सुगौली सन्धिमा महाकाली पश्चिम नेपालको हक नलाग्ने उल्लेख गरिएका कारण पनि महाकाली नदीसहित त्यसपूर्वको सबै भूभाग नेपालको हो। तर त्यस क्षेत्रमा भारतले महाकाली पूर्वका कुटी, नाभी, गुन्जी लगायतका गाउँसहित कालापानी तथा लिपुलेकको करिब ३४० वर्गकिलोमिटर क्षेत्र आफ्नो कब्जामा राखेको छ। यो भनेको हाम्रो भक्तपुर जिल्लाभन्दा ३ गुणा ठुलो क्षेत्रफल हो।महाकाली नदी नेपालको हो। सुगौली सन्धीअनुसार महाकाली नदीमा भारतको कुनै हक छैन।

महाकाली नदी नेपाल-भारतको सीमा नदी हो, तर साझा नदी होइन। नेपालकै भाग हो। यो मामिलामा प्रधानमन्त्री ओली चुकेका छन्। महाकाली नदी नेपाल र भारतको साझा हो भन्ने अर्थ लाग्ने कुरा यदि ओलीले गरेका हुन् भने यो राष्ट्रघात हो। २०४७ सालको अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले भारत भ्रमणका क्रममा साझा नदी भनेको विषयमा ठुलो आलोचना भएको थियो।

कतिपय विश्लेषकहरूले भारतलाई खुसी पार्न ओलीले जानीबुझी महाकालीलाई साझा नदी भनेको हुनसक्ने टिप्पणी गरेका छन्। किनकि ओलीका अधिकांश सल्लाहकारहरू नेपालको हितभन्दा पनि भारत र अमेरिकाको हित चाहन्छन्।

यदि सल्लाहकारहरूकै लहैलहैमा लागेर, यथार्थ बुझ्दै नबुझी ओलीले यस्तो भनेका हुन् भने उनी राष्ट्रघाति कुचेष्टाबाट मुक्त भएका रहेनछन् भन्ने बुझ्नुपर्छ। किनकि आफ्ना सल्लाहकारहरू को कहाँबाट परिचालित छन् ? भन्ने कुरा ओलीलाई थाहा भएकै हुनुपर्छ।

उदाहरणका लागि प्रदीप ज्ञवाली नेपाललाई अमेरिकाको इन्डोप्यासेफिक रणनीतिमा फसाउने व्यक्ति हुन्। विष्णु रिमाल पनि त्यही कोटीका व्यक्ति हुन्। ओलीको ईर्दगिर्दमा यस्ता धेरै व्यक्तिहरू छन्। जसले यसपटकको ओलीको चीन भ्रमणका क्रममा नेपाललाई प्राप्त हुने ठुलो उपलब्धिबाट वञ्चित गरेका छन्। किनकि एससिओ भनेको साम्राज्यवाद विरोधी मन्च हो। यो मन्चमा नेपालले पनि आफूलाई साम्राज्यवाद विरोधी देशका रूपमा दह्रो ढंगले उभ्याउन सक्नुपर्थ्यो। समय र परिस्थितिले नेपाललाई दिएको निकै ठुलो अवसर थियो यो। तर, चीनले अघि सारेको यो महत्वाकांक्षी लक्ष्यलाई साथ दिएर एससिओको मन्चलाई भरपुर उपयोग गर्न ओली चुके, अर्थात असफल भए।

पछिल्ला वर्षहरूमा आफ्नो महत्वाकांक्षी परियोजना बिआरआईबाट नेपालले बढीभन्दा बढी लाभ लिन सकोस् भन्ने चीनको सदासयता देखिन्छ। यो मामिलामा ओली बढी केन्द्रित हुनुपर्थ्यो। तर साम्राज्यवाद परस्त सल्लाहकारका कारण ओली चुके। बिआरआईबाट नेपालले पर्याप्त आर्थिक लाभ लिन सक्ने अवस्था छ। तर पश्चिमा परस्त नेता र भ्रष्ट कर्मचारीका कारण नेपालले लाभ लिन सकेको छैन। नेपाल बिआरआईमा आवद्ध भएको यतिका वर्ष बितिसक्दा पनि अहिलेसम्म यस अन्तरगतका परियोजना कार्यान्वयनमा आउन नसक्नुमा विभिन्न गम्भीर कारणहरू छन्। चीनको शंका निवारण गर्ने प्रयासमा प्रधानमन्त्री ओली चुके।

चिनियाँ राष्ट्रपति सीसँगको भेटमा प्रधानमन्त्री ओलीले बिआरआई अन्तरगतका परियोजना निर्माणको विषयमा सामान्य रूपमा कुरा उठाए पनि त्यसबाट देशले लिन सक्ने आर्थिक लाभको विषयमा प्रस्ताव राख्न भने ओली चुकेको देखियो। यसको मुख्य कारक ओलीका आर्थिक सल्लाहकार युवराज खतिवडा हुन्। जो अमेरिकी आर्थिक सहयोग एमसिसी नेपाल भित्र्याउन जालसाजीपूर्ण भूमिका निर्वाह गर्ने व्यक्ति हुन्।

उनी बिआरआई विरोधी व्यक्ति पनि हुन्। भ्रमण दलमा कस्ता कस्ता व्यक्ति सामेल छन् ? भन्ने कुराले पनि कूटनीतिक क्षेत्रमा ठुलो अर्थ राख्छ। त्यसमाथि पनि महाशक्ति बन्न गइरहेको चीनले यस्ता मामिलामा मिहीन सूचना लिनु स्वभाविकै हो।

प्रधानमन्त्री ओलीले इतिहासबाट पनि पाठ सिक्नुपर्ने हो। प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले आफ्नो भ्रमणदलमा

बाकी पेज नं ८ मा

# गंगाको नयाँ गीत गुनासो सार्वजनिक



जनतापत्र, चौतारा

नेपाल आइडल सिजन ६ की विजेता सिन्धु चेली गंगाले शुक्रबार आफ्नो नयाँ गीत 'गुनासो' सार्वजनिक गरेकी छन्। सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाकी गंगाको यो आइडल विजेतापछि पहिलो आधिकारिक गीत हो। यसअघि उनीले 'बेलबटम' बोलको गीत बजार मा ल्याएकी थिइन्।

'गुनासो' गीत प्रदीप चापागाईंको शब्दमा तयार भएको छ भने लेखु सहयात्रीले कम्पोज गरेका छन्। गीतको एरेन्ज र मिक्सिङ विशम आचार्यले गरेका छन्। गीतको भिडियो निर्देशन निकेश खड्काले गरेका हुन्, जसमा अभिनेत्री सनिशा भट्टराई र अभिनेता राज कटुवालले अभिनय गरेका छन्। भिडियोको छायांकन उत्सव दाहालले गरेका हुन् भने सम्पादन विकास धमलाले गरेका छन्। गीत 'गुनासो'लाई प्रदीप चापागाईंले प्रस्तुत गरेका छन् र यो गीतले युवापुस्तामा राम्रो प्रतिकृया पाएको छ नेपाल आइडल विजेता गंगाले आफ्नो प्रतिभा र संगीत क्षेत्रमा निरन्तरता दिँदै गीत संगीतमा नयाँ पहिचान बनाउन सफल भएकी छन्। उनको यस नयाँ गीतले पनि दर्शक तथा संगीत प्रेमीहरूबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ




गर्मी तथा वर्षायामसंगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरूबाट बच्न
बासी सडेगलेका झिंगा भन्केका खानेकुरा नखाऔं ।
काँचै खान मिल्ने फलफूल तथा तरकारी शुद्धिकरण गरेको पानी प्रयोग गरी राम्ररी सफा गरेर मात्र खाऔं ।

त्रिपुरा शुन्दरी गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय,सि.पा


# मध्यभोटेकोशीले भदौभित्रै व्यवसायिक विद्युत उत्पादन

## १४ वर्षपछि सपना साकार

जनतापत्र, भोटेकोशी

१०२ मेगावाट क्षमताको मध्यभोटेकोशी जलविद्युत आयोजनाले यस भदौ महिनाभित्रै व्यवसायिक रूपमा विद्युत उत्पादन सुरु गर्ने तयारी गरेको छ

सिन्धुपाल्चोकको सबैभन्दा ठूलो जलविद्युत आयोजना मानिने यस परियोजनाले हालै परीक्षण उत्पादन सफलतापूर्वक सम्पन्न गरेसँगै व्यवसायिक उत्पादनको अन्तिम तयारीमा जुटेको हो।

आयोजनाका कार्यकारी प्रमुख रामगोपाल सिवाकोटीका अनुसार, नेपाल विद्युत प्राधिकरणको निरीक्षण र स्वीकृति प्राप्त भएपछि उत्पादनलाई औपचारिक रूपमा व्यवसायिक रूपमा अगाडि बढाइनेछ। उहाँले जानकारी दिनुभयो, "हामीले भदौ १६ गतेबाट परीक्षण उत्पादन सुरु गरिसकेका छौं, अब उत्पादनलाई स्थायीत्व दिन लागिरहेका छौं।"

वर्षेनी ५४ करोड युनिट विद्युत उत्पादन, तीन अर्बसम्म आम्दानीको अपेक्षा सिवाकोटीका अनुसार आयोजना सञ्चालनमा आएपछि वार्षिक ५४ करोड २० लाख युनिट विद्युत उत्पादन हुने अनुमान गरिएको छ। सो विद्युत बिक्रीबाट आयोजनाले पौने तीन अर्ब रुपैयाँभन्दा बढी आम्दानी गर्ने लक्ष्य राखेको छ।

उहाँले थप जानकारी दिनुभयो, "हामीले १२ अर्ब ३३ करोड लागत अनुमान गरेका थियौं, तर १४ वर्षको अवधिमा आयोजनाको लागत २२ अर्ब पुगेको छ।"

१४ वर्ष लामो प्रतीक्षा : चुनौती, अवरोध र ढिलाइको इतिहास सन् २०१२ मा सुरु गरिएको आयोजनाले हालसम्मको यात्रा चुनौतीपूर्ण रह्यो।

आयोजना निर्माणमा राजनीतिक हस्तक्षेप, स्थानीय अवरोध, प्रशासनिक जटिलता, कोभिड महामारी, भूकम्प, बाढीपहिरो र भारतीय सीमाबाट भएको सामाग्री रोकावट जस्ता विविध कारणले निर्धारित समयमै निर्माण पूरा गर्न नसकेको आयोजनाले जनाएको छ। यस क्रममा परियोजनाले अत्यधिक ऋणभार पनि बोक्नुपरेको छ।

हाल आयोजना दैनिकरूपमा ५० लाख रुपैयाँ ब्याज तिर्दै आएको जानकारी दिइएको छ।

मध्यभोटेकोशीको बाँध सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-५ चाकुमा रहेको छ भने पावरहाउस बाह्रबिसे नगरपालिका-जम्बुमा रहेको छ।

आयोजनाले ७.५ किलोमिटर लामो सुरुङमार्ग निर्माण गरेको छ, जुन चिनियाँ कम्पनी ग्वाङ्सी हाइड्रोइलेक्ट्रिक ब्यूरो द्वारा निर्माण गरिएको हो।

तीन पटकसम्म सुरुङमा पानी चुहिने समस्या देखिएपछि पुनः मर्मत-संभार गरेर सुदृढ बनाइएको थियो।

नेपाल विद्युत प्राधिकरणको बाह्रबिसे सबस्टेसन निर्माण अझै अधूरो रहेकाले हाल उत्पादन भएको विद्युतलाई ४० किलोमिटर लामो ट्रान्समिसन लाइनमार्फत नयाँ खिम्ती सबस्टेसनमा पठाइएको छ। मध्यभोटेकोशीको २२० केभी लाइन खिम्तीको ४०० केभी सिस्टम सँग जोडिएको छ।

त्यहाँबाट विद्युत ढल्केश्वर हुँदै राष्ट्रिय ग्रिडमा प्रवाह हुने व्यवस्था मिलाइएको छ। हाल तीन टरबाइनमध्ये एक टरबाइन परीक्षण उत्पादनका लागि सञ्चालनमा ल्याइएको छ। मध्यभोटेकोशी आयोजनाबाट उत्पादन हुने विद्युतले स्थानीय क्षेत्रमा आर्थिक र सामाजिक विकासमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

त्यस्तै, राष्ट्रिय ऊर्जा संकट न्यूनीकरणमा समेत यो आयोजना महत्वपूर्ण योगदान दिने विश्वास गरिएको छ।

सरकार र सरोकारवालाहरूको सक्रियतामा अब आयोजना व्यवसायिक उत्पादनको फेजमा प्रवेश गर्न लाग्दा यसले नेपाली जलविद्युत क्षेत्रको दीर्घकालीन समृद्धिको एउटा संकेत दिएको छ।


प्राथमिक उपचार

उद्देश्य:
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्ने:
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

चौतारा साँगाचोकगढी नपा.वडा नं. १३ को कार्यालय,सि.पा

# किसानलहरु किवी खेतीप्रती आकर्षित हुँदै



जनतापत्र, लिसंखुपाखर

अलैंची खेतीका लागि प्रख्यात लिसंखुपाखर गाउँपालिका-४ का किसानहरू अलैंचीमा देखिएको रोगका कारण निराश भएर अहिले किवी खेतीतर्फ लागेको देखिएको छ। विगतमा अलैंची खेतीले राम्रो आम्दानी दिलाउँथ्यो, तर पछिल्ला वर्षहरूमा अलैंचीमा सिन्धुरो रोग, पात डढ्ने, र फल नलाग्ने समस्या देखिएपछि धेरै किसानले अलैंची छाडेर नयाँ खेतीको खोजी गरेका छन्।

पन्ध्र वर्षदेखि अलैंची व्यवसाय गर्दै आएका शशिनाथ शाक्यले, "पहिले वार्षिक पाँच लाखसम्म आम्दानी हुन्थ्यो, तर अहिले रोगका कारण अलैंची व्यवसाय लगभग बन्द भएको छ।

म अलैंचीको बिरुवा वितरण गर्ने र अलैंची भट्टी सञ्चालन गर्ने व्यवसाय पनि छाडिसकेको छु" भन्नुभयो ।

शाक्यका अनुसार सिन्धुपाल्चोकमा अलैंचीमा लाग्ने रोग नियन्त्रणका लागि जिल्लाको प्राविधिक कार्यालयमा सहयोग मागे पनि समुदायले आफूले नष्ट गर्नुपर्ने भनाइ आएपछि समस्या समाधान हुन सकेको छैन। सिन्धुरो रोग एक ठाउँमा नष्ट गरे पनि वरिपरि सबै ठाउँबाट नष्ट नगरेसम्म रोग अन्त्य हुँदैन, र यसमा खर्च पनि धेरै लाग्ने हुँदा किसानहरू अलैंची छोड्दै गएको बताउँछन्।

अत्तरपुर लगायतका क्षेत्रमा पनि किसानहरूले अलैंची खेती छाडेर किवी खेती सुरु गरेका छन्।

शाक्यका अनुसार किवी खेती सुरु गर्न खर्चिलो र मिहिनेत लाग्ने भए पनि एकपटक फल दिन थालेपछि राम्रो आम्दानी हुने भएकोले किसानहरू आकर्षित भएका छन्।

"प्रत्येक बोटमा कम्तीमा पाँच हजार रुपैयाँ खर्च हुन्छ।

तीन वर्षपछि फल दिन थाल्छ र एक बोटले वार्षिक ७० किलोसम्म फल उत्पादन गर्न सक्छ," उनले भने।

शाक्यका अनुसार किवीका फलको बजार मूल्य किसानबाटै प्रति किलो तीन सयदेखि पाँच सय रुपैयाँसम्म पुग्छ। यसले किसानको आम्दानीमा राम्रो वृद्धि गरेको छ।

अलैंची पकेट क्षेत्रका रूपमा चिनिएको अत्तरपुर गाउँपालिका अहिले किवी खेतीको लागि परिचित हुन थालेको छ। तर गाउँपालिकाले अलैंची क्षेत्रमा रोग फैलिएको विषयमा अझै कुनै ठोस निर्णय नलिएको गाउँपालिकाका अध्यक्ष राजु लामाले बताए।

उहाँले भन्नुभयो, "अलैंची खेतीमा देखिएको रोगका कारण किसानहरूलाई समस्या परेको छ, तर यसबारे गम्भीर रूपमा ध्यान दिइरहेका छौं। किसानलाई सहयोग गर्ने र रोग नियन्त्रण गर्ने योजना बनाइरहेका छौं।"

सिन्धुपाल्चोकका किसानहरू पुरानो परम्परागत अलैंची खेती छोडेर नयाँ विकल्प किवी खेतीमा लागेका छन्।

यो परिवर्तनले किसानको आम्दानीमा सुधार ल्याउने अपेक्षा छ, तर अलैंचीमा लागेको रोग नियन्त्रण गर्न सरकारले र स्थानीय निकायहरूले प्रभावकारी योजना बनाउनु आवश्यक देखिन्छ।

# मेलम्ची र बाह्रबिसेमा ईआइओ......

जस्ता अत्यावश्यक सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले मेलम्ची र बाह्रबिसेमा छुट्टाछुट्टै ईआइओ खोल्न माग गरिएको हो।

पूर्वमन्त्री तथा नेकपा एमाले स्थायी कमिटी सदस्य शेरबहादुर तामाङको नेतृत्वमा सिंहदरबार पुगेको प्रतिनिधिमण्डलले गृहमन्त्री रमेश लेखकलाई ज्ञापनपत्र बुझाएको थियो। ज्ञापनपत्रमा मेलम्ची र बाह्रबिसेमा छुट्टाछुट्टै इलाका प्रशासन कार्यालय स्थापना गर्न अनुरोध गरिएको छ।

मेलम्ची ईआइओ अन्तर्गत – हेलम्बु, पाँचपोखरी थाङपाल, मेलम्ची नगरपालिका र ईन्द्रावती गाउँपालिकाका केही वडाहरू पर्ने छन्।

बाह्रबिसे ईआइओ अन्तर्गत – भोटेकोशी, बाह्रबिसे नगरपालिका, त्रिपुरासुन्दरी, लिसंखुपाखर, बलेफीको ८ नम्बर वडा र सुनकोशी गाउँपालिकाको ६ र ७ नम्बर वडा समेटिने व्यवस्था प्रस्ताव गरिएको छ।

पाँचपोखरी थाङपाल गाउँपालिका अध्यक्ष टासी लामाले नागरिकलाई नजिकबाट सेवा दिन सकिने व्यवस्था तत्काल आवश्यक रहेको बताउनुभयो। उहाँका अनुसार, अहिले सेवा लिन नागरिकलाई ६-७ घण्टा पैदलै हिँड्नुपर्ने बाध्यता छ।

बागमती प्रदेशका पूर्वमन्त्री तथा एमाले केन्द्रीय सदस्य सरेश नेपालले संघीयताको मर्मअनुसार सेवा जनताको ढोका सम्म पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउँदै, कार्यालय विस्तार अब ढिला गर्नु नहुने बताउनुभयो।

गृहमन्त्री रमेश लेखकले सिन्धुपाल्चोकको भौगोलिक चुनौती र नागरिकको सेवा पहुँचसम्बन्धी कठिनाइ स्वीकार गर्दै मागलाई गम्भीरतापूर्वक लिनु पर्ने धारणा व्यक्त गर्नुभयो।

उहाँले मन्त्रालयमार्फत आवश्यक प्रक्रिया अगाडि बढाइने र यसलाई प्राथमिकतामा राखेर चाँडै निर्णय लिइने आश्वासन दिनुभयो।

ईआइओको विस्तारसँगै, स्थानीयवासीलाई झन्झटिलो यात्राबाट मुक्ति मिल्ने र प्रशासनिक सेवा सरल, पारदर्शी र प्रभावकारी हुने अपेक्षा गरिएको छ। यसले जिल्लाभर समावेशी प्रशासनिक प्रणाली निर्माणमा टेवा पुऱ्याउने विश्वास जनाइएको छ।

# चौताराका होटल र खाजाघरमा.....

उहाँले भन्नुभयो, "हामीले सबै होटल र खाजाघरलाई एक हप्ताभित्र आवश्यक अनुमति लिने समय दिएका छौं। त्यसपछि नियम उल्लङ्घन गर्नेहरूमाथि कानुनी कारबाही गरिनेछ।"

नगरपालिकाका सूचना अधिकारी पेशल कुमार पोखरेलले एक होटललाई तत्काल दर्ता गर्न कडा चेतावनी दिइएको जानकारी दिनुभयो।

उपभोक्ता अधिकारकर्मी संसार श्रेष्ठका अनुसार, धेरै व्यवसायीहरूलाई मापदण्ड र कानुनी व्यवस्था बारे जानकारी नै छैन। "व्यवसायीहरू मात्र होइन, उपभोक्तामा पनि सचेतना आवश्यक छ," उहाँले भन्नुभयो, "यही सचेतनाले गुणस्तरीय सेवा सुनिश्चित गर्न सहयोग गर्छ।"

अनुगमन टोलीका अनुसार, बजारमा खाद्यान्न, लत्ताकपडा, माछा-मासु, तरकारी, फलफूल लगायतका थोक तथा खुद्रा पसलहरूमा पनि नियमित अनुगमन चलिरहेको छ। थुप्रै व्यवसायीहरूले अनुगमनलाई सुधारको अवसरको रूपमा लिएको प्रतिक्रिया दिएका छन्। "अनुगमनले डर पैदा गर्न होइन, सचेत गराएर व्यवस्थित गराउने काम गर्छ," एक स्थानीय व्यवसायीले प्रतिक्रिया दिए। उनीहरूका अनुसार, अनुगमनले कानुनी मापदण्डबारे जानकारी दिने र भविष्यमा गल्ती नदोहोर्याउने चेतावनी दिनु सकारात्मक अभ्यास हो।

अनुगमन टोलीले भने, मूल्यसूची नटाँस्ने, गुणस्तरहीन सेवा दिने, उपभोक्तालाई ठग्ने;अनुमतिविनै मदिरा बिक्री गर्ने व्यापारीहरूलाई कानूनी दायरामा ल्याइने बताएको छ । चाडपर्वको सन्दर्भमा बढ्दो उपभोक्ता चापलाई मध्यनजर गर्दै नियमित र सशक्त बजार अनुगमन जारी रहने जनाइएको छ।


## प्राथमिक उपचार

उद्देश्यः

जीवन बचाउनु,

दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,

अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु । कस्तो अवस्थामा के गर्नेः सफा कपडाले रगत बग्नबाट रोक्ने, पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.

प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोब्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

पाँचपोखरी थाङ्पाल गाँउपालिका कार्यालय, सिन्धुपाल्चोक

# जुगल हिमाल क्षेत्रको पर्यटन प्रवर्द्धनमा नयाँ पहलकदमी



जनतापत्र, जुगल

जुगल हिमाल क्षेत्रको प्राकृतिक सुन्दरतालाई विश्वमा चिनाउन र पर्यटन प्रवर्द्धन गर्न नयाँ प्रयास भइरहेको छ। यसै क्रममा जुगल पर्यटन प्रवर्द्धन तथा वातावरण संरक्षण मञ्च नेपालले शुक्रवार चौतारा साँगाचोकगढी नगरपालिका-१, स्याउलेमा विशेष कार्यक्रम आयोजना गरी कक्षा १२ उतिर्ण गरेका २९ विद्यार्थीलाई बधाई तथा सम्मान गरेको छ।

श्री सेतीदेवी माध्यमिक विद्यालयका ती विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई उत्साहित गर्दै कार्यक्रममा जुगल क्षेत्रको पर्यटन सम्भावना र वातावरण संरक्षणको महत्वलाई पनि जोड दिइएको थियो। मञ्चले विद्यार्थीहरूमा 'पर्यटनमै भविष्य' भन्ने चेतना जगाउने र यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा उनीहरूको सक्रिय बभूमिका हुनुपर्ने आव्हान पनि गरेको छ।

कार्यक्रमका वक्ताहरूले जुगल हिमाल क्षेत्रमा रहेको प्राकृतिक सौन्दर्य र पर्यटकीय सम्भावनाहरूलाई दृष्टिगत गर्दै यहाँका विद्यार्थीहरूद्वारा पर्यटन प्रचार-प्रसारको काम अझ प्रभावकारी हुने विश्वास व्यक्त गरेका थिए। यसले दीर्घकालीन रुपमा क्षेत्रको सामाजिक र आर्थिक विकासमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# जग्गा वर्गीकरण नहुँदा स्वामित्व हस्तान्तरणमा समस्या,

जनतापत्र, चौतारा

भूउपयोग नियमावली, २०७९ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रको जग्गालाई विभिन्न वर्गमा विभाजन गरी योजना बनाउनुपर्ने व्यवस्था भएपनि सिन्धुपाल्चोकका स्थानीय तहले यो काम समयमा सक्न नसक्दा जग्गाको स्वामित्व हस्तान्तरणमा रोकावट आइरहेको छ। यसले सर्वसाधारणलाई ठूलो असुविधा पुऱ्याएको छ।

नियमावलीले जग्गालाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, वन, नदी, सार्वजनिक उपयोग लगायत आठ प्रकारमा वर्गीकरण गर्नुपर्ने प्रावधान राखेको छ। तर स्थानीय जनप्रतिनिधि र प्राविधिकहरूबीच आवश्यक चासो र दक्षता नहुँदा वर्गीकरण समयमै सम्पन्न हुन सकेन।

२०८० सालमा मन्त्रिपरिषद्ले अंशबण्डा र खण्डीकरण सम्बन्धी नियममा संशोधन गरे पनि मालपोत कार्यालय सिन्धुपाल्चोकले वर्गीकरण नभएको जग्गामा स्वामित्व हस्तान्तरणमा रोक लगाएको छ।

यसले हालै बाह्रबीसे नगरपालिकाबाट मालपोत कार्यालयमा आएको एक समूहलाई जग्गा बिक्री-किन्ने प्रक्रिया पूरा गर्न नसक्दा ठूलो असुविधा पुगेको छ।

मालपोत विभागका अधिकारीहरूले भने, "पहिले नै कित्ताकाट भइसकेका जग्गाहरूमा स्वामित्व हस्तान्तरणमा रोक लगाउन नमिल्ने नियम छ र यो सम्बन्धमा स्पष्ट परिपत्र पनि जारी गरिएको छ।"

तर सिन्धुपाल्चोक कार्यालयले उक्त निर्देशनलाई ध्यान नदिँदा सेवाग्राहीहरु झन् थप समस्यामा परेको जनाइएको छ।

# नेपाली प्रशिक्षकहरूको चीनमा हुने एसियन कराते कार्यक्रममा सहभागिता



जनतापत्र, चौतारा

नेपालका कराते प्रशिक्षक र रेफ्रीहरूको टोली चीनको साग्वानमा सेप्टेम्बर ५ देखि ७ तारिखसम्म आयोजना हुने २३औं एसियन क्याडेट, जुनियर तथा यू-२१ कराते च्याम्पियनसिप अन्तर्गतको रेफ्री अपग्रेड तथा निर्णायक क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुने भएको छ।

सो कार्यक्रममा नेपालबाट सहभबागी टोलीमा सिन्धुपाल्चोकका वरिष्ठ कराते प्रशिक्षक गगा लाल श्रेष्ठ पनि रहेका छन्। श्रेष्ठ नेपाली कराते क्षेत्रमा तीन दशकभन्दा बढीको अनुभव बोकेका अनुभवी प्रशिक्षक हुन्, जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाली करातेलाई निरन्तर प्रतिनिधित्व गर्दै आएका छन्।

उक्त कार्यक्रम एशियाली कराते महासंघको आयोजनामा र चीन कराते संघको व्यवस्थापनमा आयोजना हुने हो। यस कार्यक्रममा एसिया भरका कराते प्रशिक्षक, निर्णायक तथा रेफ्रीहरूको प्रत्यक्ष सहभागिता रहनेछ। सहभागीहरूले अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रशिक्षण लिने, निर्णायक क्षमताको परीक्षण गराउने र प्रमाणिकरण अपडेट गर्ने अवसर पाउनेछन्। गगा लाल श्रेष्ठजस्ता अनुभवी प्रशिक्षकहरूको सहभागिता नेपालका लागि मात्र होइन, दक्षिण एशियाली कराते क्षेत्रका लागि समेत प्रेरणादायी मानिएको छ। करातेको विकासमा समर्पित श्रेष्ठले यस कार्यक्रमबाट नवीनतम नियम, प्रविधि, र निर्णायक क्षमताको बृद्धि गरी नेपाल फर्किएपछि त्यसको प्रत्यक्ष लाभ स्थानिय प्रशिक्षक, खेलाडी र संस्थागत विकासमा पुग्ने विश्वास गरिएको छ।

नेपाल कराते महासंघले प्रशिक्षक तथा रेफ्रीहरूलाई यस्ता अन्तर्राष्ट्रिय अवसर हरूमा सहभागी गराउँदै आएको छ।

यसले खेल प्रशासन, निर्णायक निष्पक्षता, र प्राविधिक ज्ञानमा सुधार ल्याउने उद्देश्य बोकेको हुन्छ। नेपालबाट सहभागी प्रशिक्षकहरूले अन्तर्राष्ट्रियस्तरमा नेपाली करातेको उपस्थिति अझ सशक्त बनाउने, प्रतिस्पर्धी क्षमतामा बृद्धि गर्ने र भविष्यमा अन्तर्राष्ट्रिय खेल आयोजनाको नेतृत्व गर्ने अवसर समेत प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ।

सिन्धुपाल्चोकबाट प्रतिनिधित्व गर्ने गगा लाल श्रेष्ठको सहभागिता स्थानीय तहका लागि गौरवको विषय बनेको छ। उनीजस्ता प्रशिक्षकहरूका अनुभवले जिल्लाभरका युवा खेलाडीलाई अन्तर्राष्ट्रिय खेलकुदमा समावेश हुन प्रेरणा दिनेछ। श्रेष्ठले यसअघि पनि विभिन्न प्रशिक्षण क्याम्प, निर्णायक तालिम, र प्रतियोगिताहरूमा सहभागी हुँदै सिन्धुपाल्चोकको कराते गतिविधिलाई राष्ट्रियस्तरमा चिनाउने काम गर्दै आएका छन्।


## प्राथमिक उपचार

उद्देश्यः
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्नेः
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

लिसंखुपाखर गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# प्रतीक्षालय उद्घाटन र विभिन्न क्षेत्रका व्यक्तित्व सम्मान



जनतापत्र, सुनकोशी

सुनकोशी गाउँपालिका-६, पाटिडाडामा ताराचक्र अक्षयकोषको सहयोगमा विशेष कार्यक्रम सम्पन्न भएको छ। वडाध्यक्ष चक्रबहादुर बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतीक्षालय उद्घाटनसँगै विभिन्न क्षेत्रका व्यक्तिहरूलाई सम्मान गरिएको थियो। कार्यक्रममा उत्कृष्ट किसान, उत्कृष्ट उपभोक्ता समिति, स्वास्थ्य स्वयंसेविका, विद्यालय सहयोगी, कर्मचारी, शिक्षक, पालिकाका सम्पूर्ण वडाध्यक्ष, सहयोगी संस्था, सामाजिक व्यक्तित्व तथा योगदान पुऱ्याउनेलाई सम्मानपत्र प्रदान गरिएको थियो। त्यस्तै, एसईई तथा प्लस टूमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई पनि सम्मान गरिएको हो।

प्रमुख अतिथि गाउँपालिकाका अध्यक्ष टपेन्द्र तिमल्सिनाले वडा नम्बर ६ का अध्यक्ष बस्नेतले निस्वार्थ भावनाले गरेका कामको प्रशंसा गर्दै, “ सबै वडाध्यक्षहरूले यसरी नै जिम्मेवारीपूर्वक काम गर्ने हो ।

भने गाउँपालिका छिट्टै समृद्धितर्फ अघि बढ्ने भन्ने धारणा राख्नु भएको छ । समापन मन्तव्य दिँदै वडाध्यक्ष बस्नेतले सामाजिक काम गर्नका लागि दलको कार्यकर्ता हुनुपर्दैन भन्दै, सबैलाई एकताबद्ध भएर गाउँको विकासमा हातेमालो गर्न आग्रह गर्नु भएको छ । कार्यक्रममा सहभागी अतिथिहरूलाई मायाको चिनो प्रदान गरिएको थियो।













## प्राथमिक उपचार

उद्देश्यः
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्नेः
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोब्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

चौतारा साँगाचोकगढी नपा.वडा नं. १ को कार्यालय,सि.पा

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।



**जन्म**

जन्म दर्ता गर्दाका चाहिने कागजातहरु

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पहिलो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वहाल बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

**मेलम्ची नगरपालिका वडा नं ११**

वडा कार्यालय कार्यालय,सि.पा

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।



**जन्म**

जन्म दर्ता गर्दाका चाहिने कागजातहरु

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पहिलो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वहाल बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

**मेलम्ची नगरपालिका वडा नं १३**

वडा कार्यालय कार्यालय,सि.पा

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।



**जन्म**

जन्म दर्ता गर्दाका चाहिने कागजातहरु

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पहिलो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वहाल बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

**इन्द्रावति गाँउपालिका**

गाँउकार्यपालिकाको कार्यालय,सि.पा

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।



**जन्म**

जन्म दर्ता गर्दाका चाहिने कागजातहरु

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पहिलो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वहाल बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

**इन्द्रावति गाँउपालिका वडा नं ५**

वडा कार्यालय कार्यालय,सि.पा

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।



**जन्म**

जन्म दर्ता गर्दाका चाहिने कागजातहरु

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पहिलो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वहाल बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

**इन्द्रावति गाँउपालिका वडा नं ९**

वडा कार्यालय कार्यालय,सि.पा

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।



**जन्म**

जन्म दर्ता गर्दाका चाहिने कागजातहरु

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पहिलो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वहाल बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

**इन्द्रावति गाँउपालिका वडा नं ६**

वडा कार्यालय कार्यालय,सि.पा

## प्राथमिक उपचार

उद्देश्य:

जीवन बचाउनु,

दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,

अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।

कस्तो अवस्थामा के गर्ने:

सफा कपडाले रगत बग्नबाट रोक्ने,

पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.

प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

**चौतारा साँगाचोकगढी नपा.वडा नं. ४ को कार्यालय,सि.पा**




गर्मी तथा वर्षायामसँगै फैलने
झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुबाट बच्न
खाना खानु/खुवाउनु अघि र चर्पी प्रयोग गरेपछि
साबुन पानीले मिचिमिचि हात धुने
जस्ता व्यक्तिगत सरसफाई अपनाऔं ।

चौतारा साँगाचोकगढी नगरपालिका
वडा नं. १० को वडा कार्यालय,सि.पा


## सफलताको कसीमा ....

सामेल गृहमन्त्री सूर्यप्रसाद उपाध्यायका कारण चिनियाँहरूलाई अप्ठेरो परेको आत्मवृतान्तमा उल्लेख गरेका छन् । गृहमन्त्रीसमेत रहेका भ्रमणदलका सदस्य सूर्यप्रसाद उपाध्यायलाई छलेर माओ त्से तुङसँग भेटघाट गराउन चिनियाँ प्रधानमन्त्री चाउएनलाईले निकै ठुलो कसरत गर्नु परेको बिपीको आत्मवृतान्तमा उल्लेख छ । त्यसैले प्रधानमन्त्री ओलीले यस्ता व्यक्तिलाई भ्रमणदलमा सामेल गरेकोमा चीन पनि सशंकित हुनु स्वभाविकै हो ।

अहिले चीन र भारतले अमेरिकाबाट समान प्रकृतिको हर्कत भोगिरहेका छन् । त्यसैले यसको प्रतिरोधका लागि उनीहरू एउटै मोर्चाका खडा भएका छन् । यी २ देशको बीचमा रहेको नेपालले पनि साम्राज्यवाद विरोधी भूमिका निभायो भने मात्रै देशहितको सम्बर्द्धन गर्न सकिन्छ । यस्तो मौका पटकपटक आउँदैन ।

मौका आउँदा उपयोग गर्न सकिएन भने पछुताउनुबाहेक अर्को उपाय हुँदैन ।

यतिबेला सम्राज्यवाद आलोचित मात्रै होइन, प्रभावशाली देशहरूबाट एक्लिँदै गएको छ । साम्राज्यवाद विरोधी मञ्चका रूपमा चीनले अघि बढाएको एससीओ संयुक्त राष्ट्र संघ पछिको सबैभन्दा ठुलो अन्तर्राष्ट्रिय संगठन बनेको छ । यो संगठनसँग साम्राज्यवाद कति तर्सिएको छ ? भन्ने कुरा एससीओ सम्मेलन चल्दै गर्दा उसका प्रारम्भिक प्रतिक्रियाले पनि स्पष्ट पारेको छ ।

यदि प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओलीले दूरदर्शिता अपनाउन सके हो भने नेपालले छिट्टै एससिओको पूर्ण सदस्यता प्राप्त गर्नेछ । त्यसपछि बिआरआई पनि निर्बाध अघि बढ्नेछ ।

यतिन्जेल बिआरआईमा भारतको अवरोध थियो । तर भारत स्वयं नै चीनसँग हातेमालो गर्न पुगेका कारण नेपालमा प्रस्ताव गरिएका बिआरआई अन्तरगतका परियोजनाको विरोध गर्ने आधार भारतले गुमाइसकेको छ । ढिलो चाँडो भारत पनि बिआरआईमा नगई धर नै छैन ।

तर सिंगो कम्युनिस्ट पार्टीको नेतृत्व पूर्वराष्ट्रपति भण्डारीबाहेक अरूले गर्न सक्ने अवस्था अहिले छैन । विगतमा एमाले र माओवादी मिलेर बनेको नेपाल कम्युनिस्ट पार्टीले करिब दुईतिहाइ बहुमत हासिल गरेको थियो । तर ओलीका कारण यो एकता छिन्न भिन्न भयो । यो एकता छिन्नभिन्न हुनुमा प्रचण्ड पनि दोषी छन् । अब प्रचण्ड र ओलीको नेतृत्वमा एकीकरण सम्भव छैन । अन्य साना कम्युनिस्ट पार्टीका नेताहरूले पनि सिंगो कम्युनिस्ट आन्दोलनलाई एकीकृत गर्ने हैसियत राख्दैनन् । यसका लागि पूर्वराष्ट्रपति भण्डारी निर्विकल्प हुन् ।

(सौर्यअनलाइनबाट)


विद्युतिय व्यापार (इकर्मस)
मा ध्यान दिनुपर्ने कुराहरु

विश्वसनिय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौँ
व्यक्तिगत जानकारी जस्तै ओपिटी, पासवर्ड र बैंक विवरण कसैसँग पनि साझा नगरौँ ।
सुरक्षित डिजिटल वालेट प्रयोग गरौँ ।
सामान खरिद गर्नुअघि राम्रोसँग विवरण पढेर मात्र खरिद गरौँ ।
खरिद गरेको सामाग्री बिग्रिएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ मिल्दैन सो बारे जानकारी राखौँ ।
फेसबुक लगायत अन्य संचार माध्यममा देखिएको विज्ञापनको लिंक खोल्नु अघि सावधानि अपनाउने गरौँ
ठगीको मनासायले गरिने अत्याधिक सस्तो सामाग्री प्रति सचेत रहौँ ।
आफुले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनि रुपमा दर्ता भए नभएको एकिन गरौँ ।
खरिद गरेका सामाग्रीको विल सुरक्षित राखौँ

नेपाल सरकार
विज्ञापन वोर्ड



प्राथमिक उपचार

उद्देश्य:
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्ने:
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

चौतारा साँगाचोकगढी नगरपालिका
वडा नं. ९ को वडा कार्यालय,सि.पा



प्राथमिक उपचार

उद्देश्य:
जीवन बचाउनु,
दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु, चोट वा घाउको अवस्था बिग्रन नदिनु ।
कस्तो अवस्थामा के गर्ने:
सफा कपडाले रगत बग्नबाट रोक्ने,
पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने, अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने, हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने.
प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं ।

चौतारा साँगाचोकगढी नपा.वडा नं. ११ को कार्यालय,सि.पा